# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

प.सं. २०७९।०८०
च.नं.

मिति: २०७९/०६/०२

राप्ती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

### घर नक्सा पास तथा अभिलेखीकरण सम्बन्धी सूचना !!

यस राप्ती नगरपालिका क्षेत्रभित्र निर्माण गरिने सम्पूर्ण सरकारी तथा निजी घर तथा भवनहरु स्थानीय सरकार संचालन ऐन २०७४ बमोमजिम नक्सा पास गरी भवन निर्माण अनुमति लिएर मात्रै भवन निर्माण कार्य गर्नु हुन नगरबासी सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यस सूचनालाई अटेर गरी नयाँ घर तथ भवन बनाएमा त्यस्ता भवनहरुलाई स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३९ बमोजिम जाँचबुझ गरी कारबाही तथा जरिवाना समेत गर्ने जानकारी गराइन्छ। यस राप्ती नगरपालिका भित्र कुनै पनि भवन निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण सम्बन्धी दक्ष तालिम प्राप्त डकर्मी तथा निर्माण व्यवसायी मार्फत मात्र निर्माण गराउनुपर्ने छ।साथै मिति २०७९/०५/०६ गते बसेको कार्यपालिका बैठकको निर्णय अनुसार पुराना/नगरपालिका गठन हुनुपूर्व निर्माण भएका घरहरुको अभिलेखीकरण अन्तिम पटकका लागि २०७९ चैत्र मसान्तसम्मका लागि खुल्ला गरिएको र उक्त अवधि भित्र यस नगरपालिका अन्तर्गत रहेका पुराना घरहरुलाई यथाशिघ्र यस नगरपालिकाको नक्सा शाखामा उक्त घरहरुको घरनक्सा अभिलेखीकरण गर्नुहुन सम्पूर्ण नगरबासीहरुमा अनुरोध गरिन्छ ।

२०७९/०६/०२

सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत